सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प. सं.
च. नं.

मितिः२०७७/१०/०६

## प्रजनन् बोका माग सम्वन्धी सूचना ।।

यस सिस्ने गाउँपालिका पशु सेवा शाखा कार्यालयको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई बाख्रापालनमा व्यवसायमुखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने साथै नश्ल सुधार गरी बाख्रापालनलाई व्यवसायिकरण गरी मासुमा आत्म निर्भर गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले प्रजननको लागि उन्नत नश्लको बोका विरतण गर्न लागिएको हो ।यस सिस्ने गाउँपालिका अन्तर्गतका इच्छुक कृषक समूह/निजि बाख्रा फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिल बमोजिमको कागजात संलग्न गरी यस सिस्ने गाउँपालिका पशु सेवा शाखा कार्यालयमा माग प्रस्ताव दर्ता गर्नहुन सम्वन्धीत सबैलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- रु १० को टिकट
- वडा कार्यालयको सिफारिस पत्र
- नागरिताको प्रतिलिपी
- प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
- अनुसूची-१ बमोजिमको निवेदन
- अनुसूची-२ बमोजिमको फर्म व्यवसाय/कृषक समूहको विस्तृत जानकारी भएको फारम

नोटः अनुसूची-१ र २ को फारम यस पशु सेवा शाखा कार्यालयबाट उपलब्ध गराइनेछ ।

चिन्तामणि दाहाल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

कृषक समूह/निजि बाख्रा फर्मको  निवेदन ढाँचा

मितिः..............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिस्ने गाउँपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)।

विषयः प्रजननका लागि बोका उपलब्ध गराई दिने बारे ।

प्रस्तुत विषयमा मलाई/मेरो कृषक समूहलाई प्रजननका लागि बोका आवश्यक परेको हुँदा निम्नानुसार कागजात राखि यो दिनेदन पेश गर्दछु ।मैले प्रजननको लागि बोका प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित जिल्ला भित्र रहि कार्य गर्नेछु ।

निवेदकः
नामः
पदः
कृषक समूह/फर्मको नामः
ठेगानाः
दस्तखतः

अनुसूची-२

निजि बाख्रा फर्म/ समूहको विस्तृत विवरणः

कृषक समूह/निजि फर्मको नामः
संचालकको नामः
ठेगानाः
फर्म रहेको ठेगानाः
सम्पर्क नः
दर्ता भएको मितिः
नविकरण गरेको मितिः
बाख्राको किसिमः
माउँ बाख्रा संख्याः
पाठापाठी सख्याः
बोका संख्याः
हाल जम्मा रहको बाख्राको संख्याः
व्यवसायबाट रोजगारी  कति जनाले पाएका छन् ?
संख्याः
व्यवसायमा भएको जम्मा लगानी कति हो ?
रु.
व्यवसायबाट हाल सम्म आम्दानी कति भयो ?
रु.
कुनै घाँस खेति गर्नुभएको छ ?

घाँस खेति गरेको जग्गाको क्षेत्रफल कति छ ?

तपाई हाल बाख्रालाई कुन घाँस खुवाएर बाख्रापालन व्यवसाय गरिराख्नुभएको छ ?

तपाईको भावि योजना के छ ?

बाख्रापालन सम्वन्धि तालिम लिनुभएको छ ? यदि लिनुभएको भए कहाँ लिनुभयो ?

यो भन्दा पहिले कुनै अनुदान प्राप्त गर्नुभएको छ ?

यो बाख्रापालन व्यवसायलाई अझै सुधार गर्दै अगि बढ्न चाहनुहुन्छ ?